SAHAMATI 2058

LUTHERAN WORLD RELIEF

# विपद् उत्थानशील युवा महिला उद्यमी परियोजना नवलपरासी पश्चिम र गोर्खा
# सिलाई मेशिन खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा विपद् उत्थानशील युवा महिला परियोजना नवलपरासी बर्दघाट सुस्ता पश्चिमका प्रतापपुर र सुस्ता गाउँपालिका तथा गोर्खा जिल्लाको पालुङ्गटार नगरपालिका र शहिद लखन गाँउपालिकामा सञ्चालित छ । परियोजना विगतको समयमा गरिएका असल अभ्यासहरुको निरन्तरता र दिगोपना एवं १६ देखी ४० वर्ष उमेर समुहका युवाहरुलाई केन्द्रित गरी यो परियोजना सुरु गरिएको हो । युवाहरुलाई सीप विकास गराई उद्यम स्थापनामा सहयोग र सहजीकरण गर्ने लक्ष्य राखेको छ । विभिन्न विपद् र प्रकोपका कारण प्रभावित समुदायका लागि विपद् उत्थानशील उद्यमहरुमा लाग्न उत्प्रेरित गरी स्थानीय सरकारसँग समेत सहकार्य गर्दै कार्यसहभागिताको अपेक्षा राखेको छ । साथै यस परियोजनाको स्थानीय सामुदायिक विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिहरुको क्षमता विकास, सहकारीहरुको संस्थागत विकासमा समेत सहयोग गर्ने, उद्यमीहरुबाट उत्पादित कृषि तथा गैर कृषिजन्य उपजहरुको बजारीकरणका लागि बजार केन्द्रहरुको प्रवर्द्धन र विकास गर्ने, स्थानीय कृषि उपजहरुको प्रशोधन र ब्राण्डिंग गर्न सहजीकरण गर्ने, उद्यमीहरुको उद्यम दर्ता र स्थापनामा सहयोग गरी वित्तिय सेवामा पहुँच पुर्‍याउने एवं उद्यम विकास र बजारीकरणमा नीजि क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ ।

गैर कृषिजन्य उद्यम विकासका लागि उद्यमीहरुलाई कटाई सिलाई सीप अभिबृद्धि तालिम पश्चात सहभागीहरुका लागि उनीहरुको मागका आधारमा केहि प्रकारका सिलाई मेशिनहरु सहयोग गरी उद्यम विकास गर्ने लक्ष्य रहेकाले सिलाई मेशिन बिक्रि वितरणका लागि नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीमा भएका सिलाई मेशिन तथा सामग्रीहरु गुणस्तर र परिमाण सम्बन्धी विस्तृत विवरण खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्रसम्म सामग्रीहरु ढुवानी सेवा दिन सक्ने भएमा ढुवानीको दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूची १ मा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

**११ अनुमानित आवश्यक सामग्रीको परिमाण**

| क्र.स. | सामग्रीको नाम | इकाई | अनुमानित आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | सिलाई मेसिन (मेसिन टेबल सहित) | थान | २५ | |
| २ | ओभरलक मेसिन (ईन्टरलक) | थान | २५ | |
| ३ | पिको मेसिन (Sewing machine Zig zag) | थान | २५ | |
| ४ | आईरन | थान | १० | |
| ५ | टाँकघर बनाउने मेशिन | थान | ५ | |

नोट : खरिद गरिने सामग्रीहरुको परिमाण थप घट हुन सक्नेछ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।
उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा “ **सिलाई मेशिन** ” लेखी मिति २०८०/०३/१९ गते तदनुसार 4th July 2023 बेलुका ५:०० बजेभित्र परियोजना तथा सहमति सम्पर्क कार्यालय, कुडिया सुस्ता २ नवलपरासी एवं शहिद लखन गाँउपालिका वडा नं ३ रामशाहघाट गोर्खा वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासीमा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

सामाग्रीहरुको विवरण र परिमाण TOR/Bidding documents सम्बन्धित संस्थाको कार्यालयको ईमेल : procurement@sahamati.org वा संस्थाको वेभसाइट: http://sahamati.org.np-with-us/notice/बाट प्राप्त गर्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित रहनेछ ।

2058
SAHAMATI

LUTHERAN WORLD RELIEF

## अनुसूचि - १ सिलाई मेशिन तथा सामाग्रीहरुको विवरण एवं मुल्य सूची

| क्र.स. | विवरण | इकाई | विशिष्टता, ब्रान्ड, मोडेल नं., अपरेटिङ्ग प्रणाली | इकाई दर ( ने.रु) | इकाई दर अक्षरमा (कर र भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | सिलाई मेसिन (मेसिन टेबल सहित)<br>**Sewing Machine** (Simple machine with table)<br>Balanced rotary hook and spiral bevel gears, Pressure foot can be controlled by hand or by special knee lifter Minimum maintenance for long life and 3000 stitches per minute/ 5 to 30 stitches per 25mm. | १ थान | | | | |
| | | १ थान | | | | |
| | | १ थान | | | | |
| ग. | ओभरलक (इन्टरलक) मेसिन(टेबल सहित)<br>Overlock Machine<br>Manual drive mini industrial over lock<br>3 Thread Overlockmachine 1 needle / 3 Thread overlock for Blindstitch Hemming | १ थान | | | | |
| | | १ थान | | | | |
| | | १ थान | | | | |
| घ. | पिको मेसिन (टेबल सहित)<br>Peeko Machine (Sewing machine Zig zag)<br>single and double needle for zig zag and straight stitch<br>Drop feed and peeko system<br>Rotating hook factor operator, 2000 stitches per minute, Zig zag maximum width: 10mm, Max length per stitch : 4 per 25 mm | १ थान | | | | |
| | | १ थान | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ङ | **आईरन** Iron<br>High Quality Steam Iron, Non Stick And Stainless Steel Plate Ceramic Coated Temperature Control`<br>Overheat Auto cut | **१ थान** | | | | |
| च | **बटम घर बनाउने मेशिन**<br>Button Machine | **१ थान** | | | | |

नोट : खरिद गरिने सामग्रीहरुको परिमाण थप घट हुन सक्नेछ ।

नाम : हस्ताक्षर : छाप : मिति :